पोखरा विश्वविद्यालय

**मानविकी तथा सामाजिकशास्त्र संकायको**

# स्नातकोत्तर तथा एमफिल तहमा छात्रवृत्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।१२।८ गते मंगलबार)

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत आंगिक तथा सम्बन्धन प्राप्त कलेज तथा महाविद्यालयहरूमा सञ्चालित स्नातकोत्तर तथा एमफिल कार्यक्रमहरूमा आगामी March 2022 Intake भर्नाका लागि पोखरा विश्वविद्यालय छात्रबृत्ति सम्बन्धी नियमावली, २०६५ का आधारमा निःशुल्क छात्रवृत्तिको लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नुपर्ने भएकोले दरखास्त आव्हान गरिएको छ। छात्रबृत्ति सरकारी वा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालिन विद्यालयमा अध्ययन गरी कक्षा ६ देखि एस.इ.इ वा एस.एल.सी (Grade10) उत्तिर्ण गरेका विद्यार्थीहरुलाई आधारभूत रुपमा लक्षित गरिएको छ । सार्वजनिक विद्यालय तथा संस्थागत वा निजि विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका उम्मेदवारहरू पनि श-सर्त प्रतियोगितामा सामेल हुन सक्ने छन् ।

**१. छात्रवृत्तिको प्रकारः**

(क)जेहन्दार छात्रवृत्ति, (ख) खुला छात्रवृत्ति,(ग) स्थानीय छात्रवृत्ति, (घ) दलित छात्रवृत्ति,(ङ) जनजाति छात्रवृत्ति,(च)दुर्गम छात्रवृत्ति,(छ) अपाङ्ग,शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति,(ज) शिक्षक,कर्मचारी सन्तति छात्रवृत्ति,(झ) मधेशी समुदाय छात्रवृत्ति ।

प्राप्त हुने सिट संख्यामध्ये जेहन्दार छात्रवृत्ति र शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति बाहेक बिभिन्न कार्यक्रमहरूलाई प्राप्त सिट मध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत आरक्षण अन्तर्गत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदायका लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

छात्रबृत्ति मुलरुपमा सरकारी वा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालित विद्यालयमा अध्ययन गरी कक्षा ६ देखि एस.इ.इ. वा एस.एल.सी. (Grade 10) उत्तिर्ण गरेका विद्यार्थीहरुलाई लक्षित गरिएको भएतापनि माथि उल्लेख भएअनुसारको प्राप्त हुन जाने निःशुल्क छात्रवृत्ति कोटा मा सरकारी विद्यालयबाट कक्षा ६ देखि एसइइ वा एसएलसी (Grade 10) उत्तिर्ण गरेका विद्यार्थीहरुलाई पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली,२०६५ बमोजिम तेस्रो चरणको Scholarship Award List प्रकाशित गरी छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा कोटा/सिट खाली रहे भने त्यस्तो अवस्थामा मात्र सार्वजनिक तथा संस्थागत वा निजि विद्यालयबाट एस.इ.इ. वा एस.एल.सी पास गरेका र पो.वि.छात्रवृत्ति को मेरिट लिष्टमा समावेश भएका उम्मेदवारहरुलाई उक्त रिक्त कोटाहरुमा अध्ययनको लागि छनौट गरिनेछ । यसरी संस्थागत वा निजि विद्यालयबाट एस.इ.इ. वा एस.एल.सी. पास गरेका उम्मेदवारहरुका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुला छात्रवृत्ति सरह उनीहरुको मेरिट लिष्टका आधारमा वितरण गरिनेछ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमहरू:**

a) Master in Population Gender and Development (MPGD), - 5 Seats (SDSE, Pokhara)
b) Master of Arts in English – 3 Seats (IACER, Kathmandu)
c) MPhil in English– 3 Seats (IACER, Kathmandu)

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) Master in Population Gender and Development (MPGD) तथा Master of Arts in English कार्यक्रमहरूका लागि कुनै पनि विषय लिई सो विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(ग) MPhil in English कार्यक्रमका लागि कुनै पनि विषय लिई सो विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(घ) सरकारी वा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालिन विद्यालयमा अध्ययन गरी कक्षा ६ देखि एस.इ.इ. वा एस.एल. सी (Grade 10) उत्तीर्ण गरेको हुनुपर्नेछ । तर उपलब्ध हुने छात्रवृत्ति कोटामा सरकारी वा सार्वजनिक विद्यालयबाट एस.इ.इ वा एस.एल.सी उत्तीर्ण गरेको हुनुपर्ने भनिएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा सार्वजनिक विद्यालय तथा संस्थागत वा निजी विद्यालयमा अध्ययन गरी एस.इ.इ वा एस.एल.सी. उत्तीर्ण गरेका उम्मेदवारहरुलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(ङ) स्नातकोत्तर अध्ययनका लागि स्नातक तह उत्तिर्ण भएको मितिले ३ वर्षको अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन्।

(च) MPhil कार्यक्रम अध्ययनका लागि स्नातकोत्तर तह उत्तिर्ण पश्चातको कुनै समय सिमा लाग्ने छैन ।

(छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४. उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

४.१.सरकारी तथा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालिन विद्यालयमा अध्ययन गरी एस.एल.सी.वा एस.इ.इ. उत्तीर्ण गरेका सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको स्वयं प्रमाणित प्रतिलिपि,

(ख) स्नातकोत्तर तहकालागि एस.एल.सी वा सो सरहको परीक्षा, दश जोड दुई वा प्रमाणपत्र तह परीक्षा र स्नातक तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि।

(ग) MPhil कार्यक्रमका लागि माथि (ख) अनुसारका प्रमाणपत्रका साथै स्नातकोत्तर तह उतीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि।

(घ) विदेशी विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेका उम्मेदवारको लागि समकक्षताको प्रमाण ।

(ङ) उम्मेदवारले अध्ययन गरेको विद्यालय सरकारी विद्यालय हो भनी सम्वन्धित गाउँपालिका वा नगरपालिका वा सम्बन्धित जिल्ला शिक्षा समन्वय समितको सिफारिस ।

४.२.माथि उल्लेखित कागजात अतिरिक्त लक्षित कोटामा आवेदन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका **कागजातहरु** पेश गर्नुपर्ने छ:

(क) स्थानीय छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरुले पोखरा महानगरपालिकाको स्थायी बासिन्दा भएको पोखरा महानगरपालिका वा सम्बन्धित वडा कार्यालयको सक्कल सिफारिस ।

(ख) दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित प्रतिलिपि ।

(ग) आदिवासी-जनजाति छात्रवृत्तिको लागि आदिवासी-जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट आदिवासी-जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि ।

(घ) दुर्गम छात्रवृत्तिको लागि सम्बन्धित गाँउपालिकाको सिफारिस ।

(ङ) अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय बाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि ।

(च) शहिद परिवारका छोराछोरी वा जन आन्दोलनको घाइते वा निजको सन्तति र बेपत्ता पारिएका परिवारका छोराछोरीको हकमा नेपाल सरकारको गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको प्रमाणित प्रतिलिपि ।

(छ) मधेशी छात्रबृत्तिको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि ।

४.३ सार्वजनिक विद्यालय तथा संस्थागत वा निजि विद्यालयबाट एस.एल.सी. वा एस.इ.इ. (कक्षा १०) उत्तिर्ण गरेका उम्मेदवारहरु ले दरखास्त साथ देहायका स्वयं ले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसएलसीवा एसइइ वा सोसरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र सहित जुन तहको छात्रवृत्तिको लागि आवेदन गर्ने हो सोभन्दा अघिल्लो तह सम्मका सम्पूर्ण लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र हरूका स्वयं प्रमाणित प्रतिलिपिहरू,

५. https://scholorship.pu.edu.np बाट Online Form भर्न सकिने छ ।

६. **परीक्षा दस्तुरः** १००० (एक हजार मात्र)। आवेदकहरुले दरखास्त दस्तुररु.१०००।– (अक्षेरुपी एक हजार मात्र) कामना सेवा विकास बैंक लि.को मानविकी तथा सामाजिक शास्त्र संकायको नाममा रहेको खाता नं. ०१७००३००२११४७००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर लिइ दरखास्त फाराम साथै बुझाउनुपर्नेछ।

७. **दरखास्त दिने अन्तिम मितिः** २०७८/ १२/२३ (06 April 2022)

८. **परीक्षा हुने मितिः** २०७८।१२।२४ (07April 2022)

९. **परीक्षाको किसिम र भाषा:** लिखित वस्तुगत र अंग्रेजी

a) Master in Population Gender and Development (MPGD) का लागि

(i) Verbal Ability-;40 अंक (ii) Logical and Critical Reasoning;-30 अंक (iii) Quantitative Ability;-30 अंक (iv) General Knowledge-50 अंक

b) MA in English र MPhil in English का लागि

(i) Verbal Ability;- 50 अंक (ii) Logical and Critical Reasoning; -50 अंक र (iii) General Knowledge-50 अंक

**१०. लिखित परीक्षाको समय :**दिउसो १:०० बजे देखि ४:०० बजे सम्म (तीन घण्टा) ।

**११. परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय, स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग,पोखरा विश्वविद्यालय प्राज्ञिक परिसर , पोखरा महानगरपालिका-३०, कास्की ।


**<u>सम्पर्कको लागि</u>**

मानविकी तथा सामाजिक शास्त्र संकाय , पोखरा विश्वविद्यालय, पोखरा महानगरपालिका-३०, कास्की ।

फोनः ०६१-५०४०७८; मोवाईल नं. ९८४६६२६३४९

**Website: www.pu.edu.np**